# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
केन्द्रिय कार्यालय, Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

## प्रेस नोट

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०६९ असोज २ गते

## प्रमाणीकरणमा नपरेका माओवादी सेनाद्वारा आयोगमा समस्या जाहेर

सेना वर्गीकरणको क्रममा 'अयोग्य' भनी हटाइएका माओवादी सेनाको प्रतिनिधि मण्डलले राष्ट्रिय मानव अधिकारका आयोगका अध्यक्ष एवम् सदस्यहरुसंग सोमबार भेटघाट गरी आफ्ना समस्या र सरोकार अघि सारेको छ ।

भेटघाटको क्रममा 'बहिर्गमित जनमुक्ति सेना' का महासचिव कृष्णप्रसाद दंगाल 'किरण' ले सरकारले आफूहरुलाई अयोग्यताको बिल्ला भिराएर अपमान गरेको भन्दै समाजमा आफूहरुको इज्जत र प्रतिष्ठा गिरेको बताउनुभयो ।

महासचिव दंगालले जनमुक्ति सेना बनेर शिविरमा बस्दा पनि आफूहरुमाथि अन्याय भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'शिविरमा हामीले नौ महिनाको मात्र रासन र सुविधा पायौं । बाँकी अवधिको रासन र सुविधा कता गयो, हामीलाई थाहा छैन ।'

उहाँले बहिर्गमित सेनालाई तेस्रो दर्जाको नागरिक ठानेर आफ्ना समस्याप्रति सबैले चरम वेवस्ता गरेको गुनासो गर्नुभयो । 'हामीले देश र जनताका लागि रगत र पसिना बगायौं । हामीलाई अन्यायपूर्ण ढङ्गबाट अयोग्य ठहऱ्याइयो । हामीलाई अन्याय पर्दा कुनै पनि निकायबाट सहयोग मिलेन ।' उहाँले टिप्पणी गर्नुभयो ।

भेटघाटका क्रममा बोल्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले सेना वर्गीकरणका क्रममा मापदण्डमा नपरेकाहरुलाई 'अयोग्य' भनिनु आपत्तिजनक भएको बताउनुभयो । उहाँले वहिर्गमित माओवादी सेनालाई सल्लाह दिँदै भन्नुभयो, 'आफ्ना समस्यालाई उजुरीको रुपमा आयोगमा पेश गर्नुहोस् । यसो भएमा तपाईंहरुका समस्या समाधानतर्फ प्रक्रियागत रूपमा अघि बढ्न सजिलो हुनेछ ।'

सो अवसरमा आयोगका सदस्य गौरी प्रधानले मापदण्डमा नपरेकाहरुलाई जनाउन प्रयोग गरिएको 'अयोग्य' शब्दले व्यक्तिको इज्जत र सम्मानमा धक्का पुऱ्याएको टिप्पणी गर्दै बहिर्गमित माओवादी सेनाको सामाजिक पुनःएकीकरणमा राज्यले गम्भीर रुपमा ध्यान दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यसअघि 'बहिर्गमित जनमुक्ति सेना' ले प्रधानमन्त्री बाबुराम भट्टराई समक्ष ज्ञापनपत्र पेश गरिसकेको छ । असोज १ गते पेश गरिएको ज्ञापनपत्रमा प्रमाणीकरण नपरेकालाई जनाउन प्रयोग गरिएको 'अयोग्य' शब्द हटाउन, उनीहरुलाई एकमुष्ठ आर्थिक प्याकेज उपलब्ध गराउन, पक्राउ गरिएका बहिर्गमित सेनालाई अविलम्ब रिहा गर्न, 'बहिर्गमित जनमुक्ति सेना' पुनःस्थापनाका लागि संयुक्त राष्ट्रसंघीय शान्ति कोषमार्फत् भएको खर्च विवरण गर्न माग गरिएको छ ।

(विशाल खनाल)

सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org